सराबल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी
५ न प्रदेश, नेपाल

# धानको विउमा अनुदान वितरण गर्न बनेको मापदण्ड २०७७

**प्रस्तावना:** कोरोना भाइरस महामारीको कारण देशमा भएको बन्दाबन्दीले गर्दा किसानले धानको बिउ पाउन कठिन भइरहेकोले कृषकहरुलाई धान खेतीमा प्रोत्साहित गर्दै सरावल गाउपालिकालाई आत्मनिर्भर बनाउने उद्धेश्यले कृषकहरुलाइ धानको विउमा दिइने छुट( अनुदान) लाइ व्यवस्थित बनाउन कार्यपालिकाको मिति २०७६।१।१८ गतेको निर्णयबाट यो मापदण्ड जारी गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**(१) यस मापदण्डको नाम धानको विउमा अनुदान वितरण गर्न बनेको मापदण्ड २०७७ रहेको छ ।(२) यो मापदण्ड तुरुन्त लागु हुनेछ ।

**२.परिभाषा:**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा:

(क)छुट अनुदान भन्नाले कृषकले धानको विउ खरिद गर्दा लागेको खरिद मुल्यमा यसै मापदण्डमा तोकिएको प्रतिशतमा दिइने रकम भन्ने बुझ्नुपर्दछ ।

(ख)पालिका भन्नाले सरावल गाउपालिकालाइ बुझाउछ ।

(ग सहकारी संस्था भन्नाले पालिका,प्रदेश वा सहकारी विभागमा दर्ता भइ यस पालिकाभित्र कृयाशिल सहकारी संस्था भन्ने बुझ्नुपर्दछ ।

(घ) विउ कम्पनी भन्नाले सम्वन्धित निकायमा दर्ता भइ पालिकामा सुचिकृत धानको विउको कारोवार गर्ने कम्पनी भन्ने बुझ्नुपर्दछ ।

**३.धानको विउ खरिद र विक्री**

:(१) पालिकाभित्रका कृषकहरुको धानको विउको किसिम र परिमाणको आवश्यकता पहिचान गरी सहकारी संस्था एवं विउ कम्पनीहरुले धानको विउ खरिद गर्नेछन ।

(२)सहकारी संस्था एवं विउ कम्पनीहरुले धानको विउ खरिद गर्दा उमारशक्तिको सुनिश्चितता खरिदका बखत बिक्रेताबाट लिनुपर्नेछ,पालिकाले त्यसको जिम्मेवारी लिने छैन।

(३)सहकारी संस्था एवं विउ कम्पनीहरुले धानको विउ बिक्री गर्दा अनुसुची १ बमोजिमको विवरण तयार गर्नुपर्नेछ ।

**४.कृषकले धानको विउ खरिद:**

(१) छुट अनुदान लिन चाहाने कृषकहरुले पालिकाभित्रका सहकारी संस्था एवं विउ कम्पनीहरुबाट धानको विउ खरिद गर्नुपर्नेछ ।

(२) कृषकले प्रति कठ्ठा २(दुइ) किलोको दरले विउ खरिदमा छुट अनुदान प्राप्त गर्नेछन ।

(३) खरिद मुल्यको ३०(तीस) प्रतिशत छुट अनुदान प्रदान गरिनेछ ।

(४) पालिकाभित्र गरिने धानखेतीको लागि मात्र छुटअनुदान प्रदान गरिनेछ ।

**५.छुट लिदा पेश गर्नुपर्ने कागजपत्रहरु**

:(१)कृषकहरुले दफा ४(३) बमोजिमको छुटअनुदान धानको विउ खरिद गरेकै सहकारी संस्था एवं विउ कम्पनीहरुबाटै प्राप्त गर्नसक्नेछन् ।

(२) छुट अनुदान प्राप्त गर्न तपसिल बमोजिमका कागजपत्रहरु पेश गर्नुपर्नेछ ।

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

(ख)जग्गाधनीको लालपुर्जाको प्रतिलिपी

(ग) धान खरिद गरेको सक्कल विल

(घ) मालपोत तिरेको रसिद

(ङ) अधिया गरेको कृषकले जग्गाधनीको लालपुर्जा प्राप्त गर्न असम्भव भएमा वडा कार्यालयबाट खेती गरेको जग्गाको परिमाण र खेती गर्ने व्यक्ति निज नै हो भनी प्रमाणित गरिदिएको पत्र

**६.भुक्तानी तरिका:**

(१) छुट अनुदान लिने कृषकहरुले विउ खरिद गरेकै सहकारी संस्था एवं विउ कम्पनीबाट भुक्तानी पाउनेछन ।

(२)सहकारी संस्था एवं विउ कम्पनीहरुले कृषकहरुलाइ भुक्तानी दिइएको वा दिनुपर्ने रकम अनुसुची १ को प्रमाणित विवरण र दफा ५(२) बमोजिमका कागजपत्र सहित पेश गरी गाउपालिकाबाट भुक्तानी लिनुपर्नेछ ।

**७.संशोधन तथा खारेजी:**

(१)कार्यपालिकाले आवश्यकताका आधारमा यस मापदण्डको संशोधन तथा खारेजी गर्नसक्नेछ ।

अनुसूचि १

# सरावल गाउँपालिका

## "धानको विउमा अनुदान वितरण गर्ने मापदण्ड २०७७ "

### वितरण भरपाइ

| सि.न. | जम्गा धनिको नाम | ठेगाना | ना.प्र.प्र.नं. | विउको विवरण | | मूल्य | रसिद नं. | मिति | खरिद कर्ताको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | किसिम | परिमाण | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |